नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

पत्र संख्याः ज.यो.वि.शा.२०७५/०७६

चलानी संख्या ३४८

मितिः २०७५/०७/१८

विषयः माग आकृति फारम भरी पठाउने सम्बन्धमा।

श्री सबै महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।
श्री सबै गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५/०६/२८ मा "कर्मचारी समायोजन ऐन, २०७४ को दफा १२(४) मा प्रदेश लोक सेवा आयोग गठन नभएसम्म प्रदेश वा स्थानीय तहको स्वीकृत दरवन्दीको रिक्त पदमा सम्बन्धित प्रदेश वा स्थानीय तहले नेपाल सरकार मार्फत पठाएको मागका आधारमा लोक सेवा आयोगले पदपूर्तीका लागि उम्मेदवार सिफारिश गर्न सक्ने व्यवस्था भएकोले प्रदेश तहमा रिक्त दरवन्दीको हकमा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई र स्थानीय तहको रिक्त दरवन्दीको हकमा सम्बन्धित स्थानीय तहलाई रिक्त दरवन्दीमा लोक सेवा आयोगबाट पदपूर्ती गर्ने प्रयोजनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग आकृति फाराम भरी पठाउन लेखी पठाउने" भनि निर्णय भएकोले मिति २०७५ मंसिर १० गते भित्र देहायको ढाँचामा विवरण सहित माग आकृति फारम भरी पठाउन हुन आदेशानुसार अनुरोध छ।

तपसिल

| क्र. सं. | श्रेणी | पद | सेवा | समूह/उपसमूह | स्वीकृत कुल दरवन्दी (एकै श्रेणी/सेवा/समूह/उप-समूहको | चालु आ.व.मा रिक्त हुने र भएका संख्या | | जम्मा रिक्त पद संख्या | पद रिक्त भएको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनिवार्य अवकाश | अन्य कारणबाट रिक्त | | | |
| | | | | | | | | | | |

संलग्न गर्नुपर्ने कागजातहरु

- पद रिक्त भएको कारण सम्बन्धी प्रमाणित कागजात (अवकाश पत्र, बढुवा/नियुक्ति पत्र, दरवन्दी सृजनाको निर्णय र पद दर्ताको प्रमाण पत्र)
- नि.से.ऐन, २०४९ को दफा ७ (क) को उपदफा (३) बमोजिम चालु आ.व.मा अवकाश तथा बढुवाबाट रिक्त हुने पदको समेत गणना गरी माग फारम पठाइएको भए के कसरी हुने हो सो को पूरा विवरण समेत पेश गर्नुपर्नेछ ।
- रा.प.प्रथम र द्वितीय (प्राविधिक तथा अप्राविधिक), रिक्त पदहरुको विवरण सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट छुट्टाछुट्टै पानामा प्रमाणित गराई पठाउनु पर्नेछ ।

**बोधार्थ**

श्री जिल्ला प्रशासन कार्यालय, सबै (७७ वटा) समन्वय तथा सहजीकरण गरिदिनु हुन ।
श्री सूचना प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिन हुन ।

२०७५।७।१९

(बन्धु प्रसाद बास्तोला)
उप-सचिव